कार्यापालिकामा पेश भएको मिति: २०८१/०६/१६

कार्यापालिकामा पारित भएको मिति: २०८१/०६/१६

प्रमाणित मिति:

# “घ” वर्गको निर्माण व्यवसायी कार्यवीधी २०७५ दोस्रो संसोधन २०८१

| क्र.स. | दफा | भएको व्यवस्था | हुनुपर्ने | कारण |
|---|---|---|---|---|
| १ | नभएको | - | **परिच्छेद ५**<br>**१ इजाजत पत्रको हेरफेर, थपघट तथा नवीकरण**<br>१) विवरण हेरफेर गर्न सकिने :<br>१) निर्माण व्यवसायीले व्यवसाय सञ्चालन गर्दा इजाजत पत्रमा केही हेरफेर, परिवर्तन वा नामसार गर्नुपर्ने भएमा सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।<br>२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयमा आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा निवेदन परेको १५ (पन्ध्र) दिन भित्र विवरण फेरफेर भएको कारण समेत खुलाई संशोधन गर्न सकिने छ ।<br>३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरण राजश्व प्रशासन शाखाले ईजाजत पत्रमा उल्लेख गरी उल्लेख गराउनु पर्नेछ । | नामसारी गर्न आवश्यक भएको । |
| २ | नभएको | - | **२) साझेदारी थपघट र ठाउँसरी सम्बन्धी प्रक्रिया :**<br>१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा निर्माण इजाजत लिएका व्यवसायमा साझेदार थपघट गर्नु परेमा सम्बन्धित निकायबाट साझेदार थपघट गरेको प्रमाण सहित आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनु पर्नेछ ।<br>२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाचबुझ गरी इजाजत पत्रमा विवरण अध्यावधिक गरिदिन सक्नेछ ।<br>३) नगरपालिका क्षेत्रभित्र एक स्थानबाट अर्को स्थानमा ठाउसारीको लागि निवेदन परेमा सम्बन्धित शाखाले आवश्यक जाचबुझ गरी कार्यालयको लागतमा विवरण अध्यावधिक गरी ठाउसारी जाने स्थानीय तहलाई लेखी पठाउनु पर्नेछ । | ” |